Reg. No. 681 SWC Aff. No. 15556

मानव अधिकार, सामाजिक न्याय र सुशासनका लागि:

# राष्ट्रिय दलित नेटवर्क, नेपाल

# Rastriya Dalit Network (RDN) Nepal

केन्द्रीय कार्यालय, कैलाली सम्पर्क कार्यालय अनामनगर, काठमाण्डौं मिति : २०६९/५/२१

**विषय : प्रेस विज्ञप्ति ।**

संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना पश्चात हलिया मुक्तिको घोषणा भएको आज भाद्र २१ गते चार वर्ष पूरा भयो । यस अवधीसम्म हलियाहरु प्रभावकारी पुन:स्थापना नभएको भन्दै सर्वोच्च अदालतमा पुगेका छन । मुक्त हलियाको सही तथ्याँक आएको छैन । हालसम्म हलिया सम्बन्धी कुनै ऐन पारित गरिएको छैन । पुन:स्थापनाका नाममा एक टुक्रा जमिन बाँडिएको छैन । एक जना हलियालाई पनि राहत बाँडिएको छैन । मुक्त हलियाका लागि परिचय पत्र बाँडिएको छैन । अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु तथा दातृनिकायलाई हलिया पुन:स्थापनाको काममा परिचालन गर्न सकिएको छैन । यति मात्र होइन सबै राजनीतिक दलहरुले यसलाई साझा मुद्दा बनाउन सकेका छैनन अर्थात सबै दलहरुले स्वीकार गरेका छैनन । हलिया सम्बन्धी बनेका कार्यदल तथा अन्य समितिहरु सर्बदलीय बनेका छैनन जसले गर्दा उसले गरेका कामहरु सर्वस्वीकार्य बन्न सकेका छैनन । यसको मुलकारण हलिया आन्दोलनमा कार्यरत अधिकारकर्मी र संगठनहरुको मागको वेवास्ता गर्नु रहेको छ ।

उपरोक्त चुनौतिहरुलाई अवसरमा बदल्न नेपाल सरकारले तत्काल हलिया श्रम निषेध गर्न बनेको ऐन जारी गर्न र कम्तिमा ५ वर्षे हलिया पुन:स्थापनाको एकीकृत प्याकेज बनाउन आजको दिनमा जोडदार माग गर्न चाहन्छौं । साथै वि.सं. २०३६ सालदेखि हलिया मुक्तिको सपना बोकेर हलिया मुक्ति आन्दोलनमा सक्रीय हलिया आन्दोलनका अग्रज तथा यसका शुभचिन्तकहरुमा हलिया मुक्ति दिवसको अवसरमा हार्दिक बधाई ज्ञापन गर्दै पुन:र्स्थापनाको निर्णायक आन्दोलनमा थप सक्रीय हुन आव्हान गर्दछौं । र हलिया मुक्ति आन्दोलनको सूत्राधार संगठनका हैसियतले हाम्रो संगठन राष्टिय दलित नेटवर्क (RDN) निरन्तर संर्घरत रहने प्रतिबद्धता समेत व्यक्त गर्न चाहन्छौं ।

यस दिवशको सन्दर्भ पारेर आज मिति २०६८ भाद्र २१ गते राष्ट्रिय दलित नेटवर्क (RDN) नेपालको अगुवाईमा सुदुर पश्चिमाञ्चल बिकास क्षेत्रका ९ वटा जिल्लाहरुमा यस सवालमा काम गर्ने बिभीन्न संघ, संस्थाहरु, नागरिक समाज, मानव अधिकारकर्मीहरुको सहभागिमा **जिल्ला स्तरिय हलिया सरोकार समुहहरु** गठन गरिएको कुरा जानकारी गराउन चाहन्छौ । र उक्त सरोकार समुहको माध्यमद्वारा हलिया सवाललाई नितिगत रुपमा प्रभाव पार्नको लागि निरन्तर जनवकालतको माध्यमबाट सरकारलाई यस प्रति जवाफदेही र उत्तरदायी बनाउने काममा योगदान गर्ने प्रतिबद्धता जाहेर गर्दछौ । साथै मुक्त हलिया सवालको न्यायिक पूर्न:स्थापनाको लागी सरकारले जिम्मेवार बन्नु पर्ने, हलिया तथा बधुवा मजदुर सम्वन्धि श्रम (निषेधऐन) सम्वन्धमा व्यवस्था गर्न बनेको विध्येयक तत्काल प्रकृया पुरा गरी अध्यादेश मार्फ जारी गरिनु पर्ने, हलिया अनुगमन तथा पूर्न:सथापना समितिमा हलिया सवालमा काम गर्ने विभिन्न संघ संस्थाहरुको सहभागीता सुनिश्चित गरिनु पर्ने, हरेक गाउँ परिषद वाट कृषि क्षेत्रमा विनियोजन गरिने रकमलाई मुक्त हलियाहरुको आयाआर्जन कार्यकम वृद्धि गर्न खर्च गरिनु पर्ने कुरा पनि सरकारलाई जोडदार माग गर्दछौ ।

**गणेश बि. के.**
**केन्द्रीय अध्यक्ष**

“छुवाछूत बिनाको अर्को नेपाल संभव छ, आउनुहोस् निर्माण गरौं” “Another Nepal Without Untouchability is Possible ! Let us Build It !!”

RDN Nepal Central Office, Dhangadhi, Kailali, Nepal, Tel: 091-520604,
Fax: 091-524729
E-mail: gaps2rdn@yahoo.com , rdnnepal@ gmail.com